**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्क: **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १६ गते शनिवार ❑ 29 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## सार्वभौम जनतालाई रैती बनाउने प्रयास असफल पारिन्छ : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १५ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वभौम भइसकेका नेपाली जनतालाई फेरि रैती बनाउने प्रयास कुनै हालतमा पनि सफल हुन नदिइने बताउनुभएको छ। समाजवादी मोर्चा नेपालले शुक्रबार राजधानीमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै उहाँले जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिलाई कमजोर पार्न नदिइने स्पष्ट पार्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र हजारौँ सहिद र बेपत्ता योद्धा तथा लाखौँ नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन", अध्यक्ष दाहालले भन्नुभयो, "सामन्ती व्यवस्थाका अवशेषविरूद्ध आन्दोलनको नेतृत्व गर्ने मोर्चाको सङ्कल्प छ।" गणतन्त्रवादीले गरेको कमीकमजोरीका कारण प्रतिक्रियावादीले केही लाभ लिएको उल्लेख गर्दै वर्तमान सरकारले आफ्नो कार्यशैली सुधारेर जनपअपेक्षा पूरा गर्नतर्फ




केन्द्रित हुन सुझाव दिनुभयो।

संविधानसभाबाट जारी संविधान कार्यान्वयनमा देखिएको कमजोरी सच्याएर जानुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संशोधन अगावै राजनीतिक शक्तिबीच व्यापक छलफल आवश्यक रहेको बताउनुभयो। "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न, महिला, दलित, आदिवासी जनजातिलाई थप अधिकार प्रदान गर्न संविधान संशोधन गर्न सकिन्छ", उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले ठूलो सङ्घर्षबाट जनता स्वाधीन र सार्वभौमसत्ता सम्पन्न भएकाले वंशको दासत्व कुनै हालतमा स्वीकार्य नरहेको बताउनुभयो। "कसैले वंश शासन ल्याउने खोजे ठूलो मूल्य चुकाउनुपर्छ", उहाँले भन्नुभयो, "देश र जनताको भलो नगरेको राजतन्त्र कुनै पनि हालतमा फर्कँदैन।" जनचाहना पूरा गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित गर्न सरकारलाई सुझाव दिँदै अध्यक्ष नेपालले जनअपेक्षा पूरा गर्न नसक्दा असन्तुष्टि पैदा भएको टिप्पणी गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले जनताको सङ्घर्षको बलमा परास्त भएका शक्ति फेरि जुर्मुराउने प्रयास गरिरहेको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट पछाडि फर्कने विषय कुनै हालतमा स्वीकार्य नभएको बताउनुभयो। "जनतालाई सामन्ती व्यवस्थाको खाँचो छैन, फेरि पनि जनतालाई उत्पीडनमा पर्न दिँदैनौँ", उहाँले भन्नुभयो, "अबको यात्रा पश्चगमन नभई अग्रगमन हो।"महासचिव चन्दले किसान, मजदुर, युवा, विद्यार्थीलगायत आमनागरिकले भोग्दै आएको समस्या समाधान गरेर जान सरकारलाई सुझाव दिनुभयो। नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवले प्रतिगामी शक्तिहरूले द्वन्द्व निम्त्याएर मुलुकलाई अप्ठ्यारोमा पार्न चाहेको जिकिर गर्नुभयो। उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको प्रत्याभूति गराउन गणतन्त्रवादी शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो। माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले सार्वभौम अधिकारप्राप्त आमनागरिक कोही पनि राजतन्त्रको पक्षमा नरहेको बताउनुभयो। आमसभाअघि समाजवादी मोर्चाले काठमाडौँको विभिन्न स्थानबाट जुलुस निकालेको थियो।

## एसईई परीक्षा सम्पन्न, जनप्रतिनिधी र क्रियापुत्रीले पनि दिए परीक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

यस वर्षको माध्यमिक शिक्षा परीक्षा एसईई देशभरका परीक्षा केन्द्रमा शान्तिपुर्ण रुपमा सम्पन्न भएको छ।

चैत ७ गतेवाट शुरु भएको परीक्षामा देशभरवाट ५ लाख १४ हजार ७१ जना परीक्षार्थी सहभागीता जनाएका थिए। कास्कीमा पनि एसईई परीक्षा ११ हजार ६ सय ७६ जनाले सहभागिता जनाए। परीक्षाको अन्तिम दिन शुक्रवार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डे, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले विभिन्न परीक्षा केन्द्रमा पुगी अवलोकन गरेका छन्। निरीक्षणका क्रममा विन्ध्यवासिनी मावि,बाटुलेचौरमा पुगेका मुख्यमन्त्री सहितको टोलीलाई विद्यालयले स्वागत समेत गरेको छ। टोलीलाई केन्द्रका केन्द्राध्यक्ष एवं प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले सवैको सहयोगमा परीक्षा शान्तिपुर्ण रुपमा संचालन भएको र विद्यार्थीले उत्साहपुर्वक रुपमा परीक्षा दिएको जानकारी गराउनुभयो। निरीक्षण पछि मुख्यमन्त्री पाण्डे र मन्त्री थापाले



देशकै नमुना विद्यालयको केन्द्र र परीक्षा व्यवस्थित रहेको र विद्यार्थीले शान्त वातावरणमा परीक्षा दिन पाएकोमा खुशी व्यक्त गरे।

सो केन्द्रवाट विभिन्न ७ वटा विद्यालयका ३ सय १६ जना विद्यार्थीले परीक्षा दिएका हुन्।सो परीक्षा केन्द्रबाट जनप्रतिनिधीले समेत परीक्षामा सहभागिता जनाएकी थिईन्। पोखरा १९ का वडा सदस्य कल्पना सुनारले सो केन्द्रवाट परीक्षा दिएकी हुन्। महेन्द्र मावि घार्मीवाट छोरा सहित उनी परीक्षामा सहभागी भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वैकुष्ठ पौडेलले जानकारी दिए। सोही केन्द्रवाट एक जना क्रियापुत्रीले समेत परीक्षा दिए। गण्डकी वोर्डिङ स्कुलवाट सहभागी सचिन तिमिल्सीनाले आफ्ना वावुको वरखी वारेर बसेकै वेला परीक्षामा सहभागी भएका हुन्।

यसैविच विन्ध्यवासिनी माविले परीक्षामा सहभागी विद्यार्थीलाई विदाई गरेको छ। शुक्रवार विद्यालयमा आयोजित कार्यक्रममा परीक्षमा सहभागी १ सय १३ जना विद्यार्थीलाई प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, सहायक प्रधानाध्यापक राम वहादुर वानियाँ, भेषराज पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापाले मायाको चिनो सहित विदाई गरे। प्रधानाध्यापक आचार्यले परीक्षा पछिको समय प्राविधिक तथा जीवनोपयोगी सिकाईमा लगाउन विद्यार्थीलाई सुझाव दिए।

## पत्रकार महासंघको स्थापना दिवसका अवसरमा विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

नेपाल पत्रकार महासङ्घको ७०औँ स्थापना दिवस विविध कार्यक्रमसहित मनाउन सुरु गरिएको छ।

शनिबार परेको दिवसको पूर्वसन्ध्यामा महासङ्घका जिल्ला शाखाले आ-आफ्नै मौलिकतामा कार्यक्रम आयोजना गरेका हुन्। म्याग्दी शाखाले बिहीबार धवलागिरि क्षेत्रमा क्रियाशील पत्रकारबीच मैत्रीपूर्ण फुटसलको आयेजना गऱ्यो। उक्त खेलमा महासङ्घको बागलुङ शाखा विजयी बन्यो। चार टोली सहभागी खेलमा उपविजेताको उपाधि पनि बागलुङ शाखाकै अर्को टोलीले हात पाऱ्यो। सर्वाधिक गोलकर्ताका रुपमा बागलुङ शाखाका सङ्गम घर्तीमगर र उत्कृष्ट खेलाडीमा विजयी राना घोषित भए।

विजेता खेलाडीलाई ट्रफी, मेडल र प्रमाणपत्र हस्तान्तरण गरिएको म्याग्दी शाखाका अध्यक्ष हरिकृष्ण गौतमले जानकारी दिनुभयो। उहाँले पत्रकारबीचको एकता र भाइचारा अभिवृद्धिसहित खेलकुद प्रवर्द्धनको सन्देश दिन फुटसल आयोजना गरिएको बताउनुभयो। महासङ्घको स्थापना दिवस पारेर पत्रकारको दुर्घटना बिमा, स्वास्थ्य परीक्षण, सहयोग हस्तान्तरणलगायत कार्यक्रम गर्न लागिएको अध्यक्ष गौतमले बताउनुभयो। महासङ्घ बागलुङ शाखाले पनि आजदेखि दुई दिनसम्म विविध कार्यक्रमसहित स्थापना दिवस मनाउन लागिएको जनाएको छ।

बागलुङ शाखाका सचिव नारायण रिजालका अनुसार आज सरसफाइ, वृक्षरोपण, पत्रकारको निःशुल्क स्वास्थ्य परीक्षण गरिने भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ नगर स्वास्थ्य शाखा र युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल), धवलागिरिको प्राविधिक सहयोगमा स्वास्थ्य परीक्षण गर्न लागिएको उहाँको भनाइ छ। कार्यक्रममा मिर्गौला, मधुमेह, युरिक एसिड, कोलेस्ट्रोल बिएमआइ (बडी मास इन्डेक्स) उच्च रक्तचाप जाँच, पाठेघरको मुखको स्क्रिनिङलगायत गरिने भएको छ। डिभिजन वन कार्यालय बागलुङसँगको सहकार्यमा महासङ्घको कार्यालय परिसरमा वृक्षरोपण तथा सरसफाइ सचेतना कार्यक्रम आयोजना गरिएको उहाँले जानकारी दिनुभयो।

स्थापना दिवसको मुख्य दिन शनिबार प्रभातफेरीसहित चियापानको आयोजना गरिएको सचिव रिजालले बताउनुभयो। स्थापना दिवसको अवसर पारेर कास्की शाखाले अदालती रिपोटिङ र पर्वत शाखाले पत्रकार डिजिटल साक्षरता एवं रुपान्तरणकारी नेतृत्व विकास कार्यक्रम आयोजना गरेको छ। पोखरा र पर्वतको कुश्मामा गरी दुई दिनसम्म ती तालिम सञ्चालन हुनेछन्। गण्डकी प्रदेशका अन्य जिल्ला शाखाले पनि विविध रचनात्मक कार्यक्रमसहित महासङ्घको स्थापना दिवस मनाउन लागेका हुन्।


## एभिन्यूज टिभीका क्यामेरा पर्सन रजकको मृत्यु

**रासस**
काठमाडौं, १५ चैत

तीनकुनेमा पूर्वराजाका समर्थकहरूद्वारा जलाइएको एक निजी घरमा मृत भेटिएका व्यक्ति एभिन्यूज टेलिभिजनका क्यामेरा पर्सन सुरेश रजक भएको पुष्टि भएको छ।

एभिन्यूज टिभीका समाचार शाखा प्रमुख केदार कोइरालाले मृतक व्यक्ति पत्रकार रजक रहेको पुष्टि भएको उल्लेख गर्दै प्रहरीद्वारा सनाखत गर्ने काम भइरहेको राससलाई जानकारी दिनुभयो। पत्रकार रजक उक्त घरको छतबाट आन्दोलनको दृश्य कैद गर्ने क्रममा घरमा आगजनी

बाँकी अन्तिम पृष्ठमा ▶▶




## तोडफोड, हिंसा र अराजकताको निन्दा गरौँ: कांग्रेस

**रासस**
काठमाडौं, १५ चैत

नेपाली कांग्रेसले सङ्घीय राजधानीको तीनकुनेलगायत केही स्थानमा शुक्रबार शान्तिपूर्ण प्रदर्शनका नाममा भएका हिंसात्मक घटनाको निन्दा गरेको छ। कांग्रेसले आज विज्ञप्तिमार्फत व्यक्तिको घर, मिडिया हाउस, पार्टी कार्यालय, सपिङ मल, सरकारी कार्यालय, सर्वसाधारणको सवार साधन आदिमा भएको तोडफोड र आगजनीलाई गम्भीरतापूर्वक लिएको जनाएको छ।

"लोकतान्त्रिक गणतन्त्रको स्थापना ०६२/६३ को जनआन्दोलनबाट सोझै भएको होइन, आन्दोलनले केवल प्रतिनिधिसभा पुनःस्थापित गरेको थियो। संसद्मार्फत अन्तरिम संविधान हुँदै संविधानसभाको निर्वाचन र त्यो निर्वाचनबाट चुनिएका जनताका प्रतिनिधिहरूको संविधानसभाको पहिलो बैठकले देशलाई गणतन्त्रमा लगेको थियो। यो वास्तविकतालाई आजको मितिमा हामी स्मरण गर्न र गराउन चाहन्छौँ", विज्ञप्तिमा उल्लेख छ।

कांग्रेस महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले संयुक्त विज्ञप्तिमार्फत नागरिकमा रहेका कयौँ असन्तुष्टिको हल वर्तमान संविधानभित्रैबाट सम्भव रहेको उल्लेख गर्दै नागरिकको भावना दृष्टिगत गरेर निरन्तरतामा नवीनता दिन दृढ ढङ्गले प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ।

कांग्रेसले कमजोरीको निदान खोज्न र समाधान पहिल्याउन दृढ रहेको उल्लेख गर्दै समाजले अपेक्षा गरेका परिवर्तनका सबै आकाङ्क्षा सम्बोधन यही संविधानको दायराभित्रैबाट क्रमशः गर्न सकिने जनाएको छ। "लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, कुनै पनि प्रकृतिको राजतन्त्र एक्काइसौँ शताब्दीको सचेत नेपालीका लागि विकल्प किमार्थ हुन सक्दैन। कांग्रेस सबै राजनीतिक दललाई यसमा स्पष्ट ढङ्गले उभिन अपिलसमेत गर्दछ", विज्ञप्तिमा उल्लेख छ।हिंसात्मक प्रदर्शनका कारण जीवन गुमाउनेप्रति कांग्रेसले श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको उपचारमा ध्यान दिन सरकारलाई आग्रह गरेको छ। साथै कांग्रेसले हिंसा भड्काउने र हिंसामा सामेल हुने व्यक्तिहरूलाई कडा कानुनी कारबाहीको दायरामा अविलम्ब ल्याउन आग्रह गर्दै समस्त नेपालीमा संयम र एकताका लागि अपिलसमेत गरेको छ।

# न्यूरोड हब 'चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगिताको च्याम्पीयन

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

पोखरामा सम्पन्न 'चिया र गफ-सुपर कप टि-२० क्रिकेट प्रतियोगिताको उपाधि न्यूरोड हबले जितेको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा पोखरा महानगरपालिका क्रिकेट संघको आयोजना र व्यवस्थापनमा शुक्रबार सम्पन्न प्रतियोगितामा ४ अंक जोडेको न्यूरोड हब प्रतियोगिताको च्याम्पीयन बनेको हो। न्यूरोड हबले पहिलो दिन लेखनाथ ईगल्सलाई ७ विकेट र अन्तिम दिन लेकसाईड फाल्कोनलाई ३ विकेटले पराजित गरेको थियो। समान खेलमा लेखनाथ ईगल्सले एक खेल जितेर २ अंक बटुल्दै दोश्रो हुँदा



लेकसाईड फाल्कोन जितिविहीन् बन्दै अंक तालिकाको पुछारमा चित्त बुझाउन बाध्य भयो।

शुक्रबार भएको अन्तिम खेलमा न्यूरोड हबले लेकसाईड फाल्कोनलाई ३ विकेटले पराजित गर्‍यो। टस जितेर ब्याटिङ रोजेको लेकसाईड फाल्कोनले १८.३ ओभरमा ९ विकेट गुमाएर १२७ रन बनायो। लेकसाईड फाल्कोनका लागि हरिशंकरले २० बलमा २३ रनको योगदान दिए। लेकसाईडलाई कम रनमा समेट्न रोहन चौधरीले ४ ओभरमा १५ रन खर्चेर ५ विकेट तथा प्रमोद बास्तोलाले ४ ओभरमै ३० रन खर्चेर ३ विकेट हत्याए।

१२८ रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङमा उत्रिएको न्यूरोड हबले १८.१ ओभरमा ७ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो। न्यूरोड हबका लागि प्रमोद बास्तोलाले ३३ बलमा ४० रन र कविन सापकोटाले २७ बलमा २९ रनको योगदान दिए। न्यूरोड हबका अनिष रावतले ३ ओभरमा ११ रन खर्चेर ३ विकेट लिएपनि हार टार्न सकेनन्।

शुक्रबारकोप्लेयरअफदीम्याच रोहन चौधरी बने। प्रतियोगिताको प्लेयर अफ दी सिरिज भने प्रमोद बास्तोला बने। बिजयीहरुलाई पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनलगायतले पुरस्कार वितरण गरेका थिए।

# वनमा निजी क्षेत्रको प्रवेश स्वीकार्य छैन-अध्यक्ष भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारीले सामुदायिक वन क्षेत्रमा निजी क्षेत्रको प्रवेश स्वीकार्य नहुँने बताउनु भएको छ।

महासंघ गण्डकी प्रदेशको पोखरामा आयोजित बैठकलाई सम्वोधन गर्दै उहाँले केवलकार, हाइड्रोपावर जस्ता विभिन्न विकास निर्माणले वन क्षेत्रको क्षयीकरणसंगै संरक्षणकर्ताको अधिकार कुन्ठित हुने बताउनु भयो।

निजी क्षेत्रको प्रवेशले स्थानीय वासिन्दाको अधिकारसंगै वातावरणीय र प्रथाजन्य अभ्यास समेत संकटमा पर्दै गएको बताउँदै उहाँले भन्नुभयो, यस्ता विकास निर्माणले सिमित व्यक्तिले कमाउने र स्थानीय वासिन्दाको रोजगारी खोसिने हुँदा महासंघले विरोध जनाउँदै आएको छ।

सामुदायिक वनको आन्दोलाना लाग्ने र



कर्पोरेट हाउसको पक्ष पोषण गर्नेतर्फ उपभोक्तालाई सचेत हुन आग्रह गर्दै उहाँले महासंघले दिगो वन व्यवस्थापनको आधारमा समुहको हक अधिकार सुनिश्चितताको लागि निरन्तर लड्दै आएको जानकारी दिनुभयो। मानव आवतजावतका लागि विश्वकै सबै भन्दा लामो गण्डकी प्रदेशमाको कास्की, पर्वत, म्याग्दी हुँदै मुस्ताङस्थित प्रसिद्ध तिर्थस्थल मुक्तिनाथसम्मको केवलकार निर्माणले सो क्षेत्रमा पानी, चटपटे विक्री गरेर जिविकोपाजर्न गर्दै आएका न्यून वर्ग सहित साना व्यापारी विस्तापित हुने उहाँको भनाई थियो।

सरकारले दिएको सुविधाको उपयोग गर्दै मुलुकका आधा भन्दा बढी सामुदायिक वन समुहले स्थायी लेखा नम्वर( पान) लिएको बताउँदै उहाँले यस अवधिमा राज्यलाई करोडौ रुपैया राजश्व समेत संकलन भएको बताउँनुभयो। सवै वन समुहलाई पानमा लैजाने लक्ष्यका साथ महासंघले एक बर्ष थप गर्न सरकारसंग माग गरेको छ।

कालीदास सुवेदीको अध्यक्षतामा भएको बैठकमा महासंघका सचिवालय सदस्य नरवहादुर गुरुङ, दोववहादुर कार्की, केन्द्रिय सदस्य पशुपति शाही, खुमप्रसाद सुवेदी र हरिप्रसाद बास्तोलाले महासंघले गर्दै आएका गतिविधि माथि प्रकाश पार्नु भएको थियो। बैठकमा हिमाल पारिका जिल्ला मनाङ र मुस्ताङ बाहेक प्रदेश अन्तर्गतका विभिन्न ९ वटा जिल्लाको सहभागिता रहेको थियो।

# औँसी नुहाउन एकैदिन १० हजार तीर्थालु मुस्ताङ भित्रिए

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ चैत

चैतेदसैँ औँसी नुहाउन एकैदिन १० हजारभन्दा बढी तीर्थालु मुस्ताङ भित्रिएका छन्। चैतेदसैँ औँसी तिथिको अघिल्लो दिन शुक्रबार दिवङ्गत पितृको उद्धारका लागि मुस्ताङको कागबेनीधाममा श्राद्ध, तर्पण र पिण्डदान गर्न धार्मिक श्रद्धालु भक्तजनको घुइँचो लागेको हो।

जिल्ला प्रहरी कार्यालयले चैतेदसैँ औँसी तिथिमा कागबेनीमा श्राद्ध गर्न आउने तीर्थालुले मुस्ताङका होटल भरिभराउ भएका जनाएको छ। थासाङ गाउँपालिका-४ घाँसाबाट कागबेनीसम्मका अधिकांश होटल श्राद्ध गर्न आउने तीर्थालुले भरिभराउ भइसकेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर बोगटीले जानकारी दिनुभयो।

उहाँका अनुसार म्याग्दी र मुस्ताङको सीमावर्ती क्षेत्र थासाङ गाउँपालिकाको प्रहरी चौकी घाँसा चेकपोष्टमा बिहीबार साँझ ५:०० देखि आज साँझ ५:०० बजेसम्म नौ हजार पाँच सय ९२ जना तीर्थालु यहाँ भित्रिएका छन्।

प्रहरी नायब उपरीक्षक बोगटीले घाँसा प्रहरी चेकपोष्टबाट पछिल्लो २४ घण्टामा एक हजार दुई सय



४० यात्रुवाहक सवारीसाधन मुस्ताङ प्रवेश गरेका जानकारी दिनुभयो। शनिबारको चैतेदसैँ औँसी तिथिमा कागबेनीमा श्राद्ध गर्ने र मुक्तिनाथमा दर्शन गर्ने दर्शनार्थीको सुरक्षाका लागि मुस्ताङ प्रहरीले मातहतका निकायलाई सक्रिय बनाइसकेको उहाँले उल्लेख गर्नुभयो।

कागबेनीमा श्राद्ध गर्ने तीर्थालुको सहजताका लागि सवारीसाधनलाई व्यवस्थित गर्न कागबेनी क्षेत्रमा एकतर्फी (वानवे) सडक लागू गरिएको प्रनाउ बोगटीले बताउनुभयो। "भोलि कागबेनीधाममा जानेलाई मुख्य सडकबाट सिधैँ र श्राद्ध गरिसकेपछि कागबेनी गाउँ हुँदै मुक्तिनाथ उक्लिएर जोमसोम जानेगरी सवारीका लागि मार्ग तोकिएको छ", उहाँले भन्नुभयो, "श्राद्धस्थलबाट दक्षिण एक सय मिटर तल सवारी पार्किङ गर्ने स्थान तोकिएको छ।"

यसैगरी मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थी र भक्तजनको सहजताका लागि मुक्तिनाथ क्षेत्रमा सवारी पार्किङस्थल निर्धारण गरिएको प्रहरी नायब उपरीक्षक बोगटीले जानकारी दिनुभयो। उहाँका अनुसार शनिबार कागबेनीमा श्राद्ध गरी माथि उक्लिने भक्तजन सवार साना तथा हलुका सवारीसाधनलाई मुक्तिनाथ रानीपौवाको दुईवटा बसपार्क र ठूला बसका लागि रानीपौवा बसपार्कबाट एक सय ५० मिटर तलको खुला चौरमा पार्किङको व्यवस्था मिलाइएको छ।

चैतेदसैँ औँसी नुहाउन र पितृको नाममा श्राद्ध, तर्पण र पिण्डदान गर्न आउनेको भीडले यहाँका अधिकांश होटल भरिएका जोमसोमका पर्यटन व्यवसायी अजित थकालीले बताउनुभयो। बर्सेनि चैतदसैँ र बडादसैँको औँसीमा हजारौँ श्रद्धालु भक्तजन यहाँ आउने गरेको उहाँको भनाइ छ।

मुस्ताङको पवित्र धार्मिकस्थल कागबेनीधाममा पुगेर दिवङ्गत पितृको श्राद्ध, तर्पण र पिण्डदान गर्नाले पितृ खुसी हुने र आशीर्वाद प्राप्त हुने धार्मिक जनविश्वास रहिआएको छ। दुई वर्षअघि कागखोला बाढीले कागबेनीधाम र यहाँको भौतिक संरचनामा क्षति पुगेपछि कागबेनीमा श्राद्ध, पूजापाठ र स्नान गर्न समस्या हुँदै आएको छ। बर्सेनि लाखौँ पर्यटकले श्राद्ध गर्ने कागबेनीधाम क्षेत्रमा धार्मिक पर्यटकको सहजताका लागि तीनै तहका सरकारले भौतिक संरचना निर्माण र व्यवस्थापनमा सहकार्य र समन्वय गर्नुपर्ने कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मी गुरुङले बताउनुभयो। मुस्ताङको कागबेनीधाम धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण स्थानका रूपमा लिने गरिएकाको यथाशीघ्र यस क्षेत्रको पुनःनिर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

परापूर्वकालमा कागभुसुण्डे ऋषिले तिलिचो तालमा तपस्या गरेर कागबेनीमा स्नान गरेको किंवदन्ती रहेकाले बर्सेनि धार्मिक तीर्थालुहरूले यहाँस्थित कागबेनी त्रिवेणीधाम पुगेर स्नान गरी दिवङ्गत पितृ उद्धारका लागि श्राद्ध तथा पिण्डदान गर्ने प्रचलन रहिआएको स्थानीय बताउँछन्।

# नाटक 'आतुरकाल' जापानमा मञ्चन गरिँदै

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

इन्द्रेणी थिएटर पोखराको प्रस्तुति तथा निर्देशक केदारनाथ पौडेलद्वारा लिखित, निर्देशित नाटक 'आतुरकाल' जापानमा मञ्चन गरिने भएको छ।

आगामी अप्रिल १२ र १३ मा इटाबासीस्थित भूमिगत थिएटर (क्गदतभचचबलभबल) नाटकघरमा र अप्रिल १४ मा टोकियोको नाकानो जेरो हल( ल्बपबलय श्भचय ज्बीि) मा नाटक मञ्चन गर्न लागिएको हो। नाटकमा नेपाली समाजको पीडा, सङ्घर्ष, विस्थापन, वर्गसङ्घर्ष तथा युद्धका त्रासदीपूर्ण क्षणहरूको मनोवैज्ञानिक चित्रण गरिएको छ। जीवनका विभिन्न क्षणहरूमा पात्रले भोगेका दुःख, विछोड, सपना, समाजको विभेद तथा निरन्तर आइरहने नियतिको खेललाई नाटकले सशक्त रूपमा प्रस्तुत गरेको छ। नाटकका प्रमुख कलाकार किरण चापागाईले अत्यन्त गहकिलो अभिनय प्रस्तुत गर्नुभएको छ।

नेपाली रङ्गमञ्चका प्रतिभाशाली कलाकार चापागाईले युरोप, अमेरिका, क्यानडाजस्ता मुलुकमा नाट्यकला अध्ययन गर्नुभएको छ। उहाँले 'अनुत्तर' जस्ता नाटकमा एकल अभिनय प्रस्तुत गर्दै देश, जीवन र भविष्यसँग जुधिरहेका पात्रहरूको कथा उजागर गर्नुभएको छ।

यसअघि 'आतुरकाल' नाटक पोखरा थिएटरमा सन् २०२१ को फेब्रुअरी २२ देखि ३२ सम्म तथा रसियन हाउस, काठमाडौँमा २०२३ सेप्टेम्बर ७ देखि ९ सम्म मञ्चन भएको थियो। प्रत्येक मञ्चनमा दर्शकहरूबाट प्रशंसा पाएको यस नाटकको मूल कथावस्तु एउटा वृद्ध (किरण चापागाई) पात्रको स्मृतिहरू वरिपरि घुमेको छ। जीवनका उत्तरार्धमा जब स्मृतिहरूले तड्पाउन थाल्छन्, तब उनले विगतको सम्झनामा बाँच्नुपर्ने बाध्यता महसुस गर्छन्। नाटकले बाल्यकालका सुखका क्षणदेखि पारिवारिक विछोड, सामाजिक विभेद, विस्थापन, सङ्घर्ष र अन्ततः वृद्धावस्थाको एक्लोपनलाई मार्मिक रूपमा उजागर गरेको छ।

यसअघि जापानमा केदारनाथ पौडेल निर्देशित 'भ्रुण' नाटक मञ्चन गरिएको थियो। जापानमा हुने यो नयाँ प्रदर्शनसँगै नेपाली नाटकले अन्तरराष्ट्रिय मञ्चमा अझ गहिरो छाप छोड्ने अपेक्षा गरिएको छ। यो नाटकले नेपाली प्रवासी दर्शकसहित जापानी रङ्गमञ्चप्रेमीलाई पनि लोभ्याउने विश्वास गरिएको छ।

इन्द्रेणी थिएटर पोखरामा आधारित एक प्रतिष्ठित नाट्य संस्था हो, जसले नेपाली समाजका विविध पक्ष उजागर गर्ने मौलिक नाटकहरू मञ्चन गर्दै आएको छ। यस थिएटरको छैटौँ प्रस्तुति 'सपना डिलक्स कोच' हो, जसमा पोखराबाट काठमाडौँ जाने यात्रुवाहक बसमा हुने विभिन्न घटनाक्रमलाई समेटिएको छ।

केदारनाथ पौडेल इन्द्रेणी थिएटरका अध्यक्ष तथा प्रतिष्ठित नाटककार हुनुहुन्छ। उहाँका अन्य नाटकहरूमा 'घेरो', 'धनीरामको गोरु', 'आतुरकाल', 'भ्रुण' र 'बाटो' रहेका छन्। यी नाटकहरूले नेपाली समाजका विविध विषयवस्तुलाई मञ्चमा उतारेका छन्।

# एभिन्यूज ...

भएपछि बाहिर निस्किन नपाएर मृत्यु भएको हो। यसैबीच, नेपाल पत्रकार महासङ्घले राजसंस्थाको पुनःस्थापनाको माग राख्दै भएको भनिएको प्रदर्शनकारीद्वारा गरिएको आगजनीको समाचार सङ्कलनका क्रममा एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको घटनाले स्तब्ध भएको जनाएको छ। महासङ्घले आज प्रेस विज्ञप्तिमार्फत पत्रकार रजकको जलेर निधन भएको खबरले स्तब्ध भएको जनाउँदै यो अमानवीय घटनाको गहिरो छानबिन गरी दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ। मृतक पत्रकार रकजप्रति श्रद्धाञ्जली अर्पण गर्दै महासङ्घले शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ। प्रदर्शनकारीको समूहले विभिन्न सञ्चारगृहको भवनमा आगो लगाउने, हुलहुज्जत गरेर भवनभित्र प्रवेश गर्न नपाएपछि ढुङ्गा हान्ने, सवारीसाधन तोडफोड गर्ने र सञ्चारकर्मीलाई आतङ्कित तुल्याउने कार्य गरेको भन्दै महासङ्घले भत्सर्नासमेत गरेको छ। आगो लगाइएको भवनको समाचार सङ्कलनका क्रममा जलेर एभिन्यूज टेलिभिजनका पत्रकार रजकको मृत्यु भएको महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा पुष्टि गरिएको छ।

"प्रदर्शनकारीको समूहले काठमाडौँस्थित तीनकुनेमा रहेको अन्नपूर्ण मिडिया ग्रुपको भवनमा तोडफोड र आगजनी गरी क्षति पुर्‍याएको छभने कान्तिपुर टेलिभिजनको भवनमा जबर्जस्ती प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीले रोकेपछि ढुङ्गामुढा गरी समाचार कक्षसम्म आतङ्क सृजना गरिएको छ। यस्तै, हिमालयन टेलिभिजनको सवारीसाधन तोडफोड गरिएको", महासङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# अन्नपूर्ण आरोहणका लागि ४२ जनाले अनुमति लिए

पोखरापत्र संवाददाता
म्याग्दी, १५ चैत

वसन्तयाममा अन्नपूर्ण प्रथम हिमाल आरोहरणका लागि ४२ जनाले अनुमति लिएका छन्। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्दछ।

वसन्तयामका लागि चार समुहका ३० पुरुष र १२ जना महिलाले अन्नपूर्ण आरोहणका लागि अनुमति लिएका पर्यटन विभागका निर्देशक आरती न्यौपानेले जानकारी दिनुभयो।

उहाँका अनुसार वसन्तयामका लागि हालसम्म नेपालका पाँच वटा हिमाल आरोहरण गर्न ५८ जनाले अनुमति लिएकामा सबैभन्दा बढी अन्नपूर्ण आरोहण गर्नेहरू छन्। अघिल्लो वर्षभन्दा यो वर्ष अन्नपूर्ण आरोहण गर्न अनुमति लिने आरोहीहरू बढेका छन्।

अन्नपूर्ण हिमाल आरोहण अनुमति दिएबापत विभागले रु एक करोड ४७ लाख नौ हजार चार सय २० शुल्क सङ्कलन भएको विभागका निर्देशक न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार अघिल्लो वर्षको वसन्तयाममा २५ जनाले अनुमति लिँदा रु ५९ लाख ६१ हजार सात सय ८० शुल्क सङ्कलन भएको थियो। अनुमति लिएका आरोहीहरू आधार शिविर पुग्न थालेका अन्नपूर्ण आधार शिविर र मौरिस हर्जोज पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो। अन्नपूर्ण आरोहणका लागि योयाम उपयुक्त मानिन्छ। उहाँका अनुसार अन्नपूर्णको हालसम्म चार सय ८८ जनाले सफल आरोहण गरेका छन्। आरोहणको ७५ वर्ष पूरा भएको अवसरमा आगामी जेठ २० गते अन्नपूर्ण गाउँपालिकाले अन्नपूर्ण आधार शिविरमा विशेष कार्यक्रमको तयारी गरेको पालिका कार्यालयले जनाएको छ। सन् १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्णमा पहिलो पटक आरोहण गर्नुभएको थियो। मौरिसले अन्नपूर्ण आरोहण गरेको तीन वर्षपछि सन् १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथाको आरोहण गर्नुभएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# म्याद सकिएको दुई वर्षपछि रावण पार्क निर्माण थालियो

**रासस**
म्याग्दी, १५ चैत

म्याद सकिएको दुई वर्षपछि बेनी नगरपालिका-५ पछैमा रावण पार्क निर्माणको कामले गति लिएको छ । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०७७ साल फागुनमा धर्म एस कास्यप जेभीले रु एक करोड ७६ लाखमा ठेक्का सम्झौता गरेको रावण पार्क निर्माणकार्यले पछिल्लो दुई महिनायता तीव्रता पाएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयको ७० र बेनी नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा रावणको मूर्तिसहित पार्क निर्माण गर्न थालिएको थियो । योजनाका बारेमा नगरपालिकाले नियमित प्रतिवेदन बुझाउन नसक्दा आव २०७९/८० र २०८०/८१ मा बजेट व्यवस्थापन हुन नसकेको योजनाका निर्माण व्यवसायी पनि पन्छिन खोजेपछि निर्माण ४४ महिनासम्म निर्माण रोकिएको थियो । लामो समयको प्रयासपछि बजेट व्यवस्थापन गरेर २०७८ साल असारदेखि रोकिएको रावण पार्क निर्माणकार्यलाई लयमा फर्काएको बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो । "पार्कमा घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माणको काम करिब सकिएको छ । रावणको मूर्ति राख्ने ठाउँमा जग खन्न थालेका छन्", उहाँले भन्नुभयो, "जसोतसो पार्क बन्ने देखिए पनि सर्वोच्च अदालतमा परेको मुद्दाको टुङ्गो नलागेसम्म रावणको मूर्ति राख्ने विषयमा अन्योल सृजना भएको छ ।"

ठेकेदारले रु १८ लाख खर्चेर पार्कमा राख्ने छ मिटर अग्लो रावणको मूर्ति तयार पारेका छन् । पर्वतका केदारनाथ दासले गत असारमा सर्वोच्च अदालतमा दायर गरेको रिटमा रावणको प्रतिमा नराख्न अन्तरिम आदेश दिएको थियो । ऋषिमुनिहरूले तपस्या गरेको स्थानमा रावणको मूर्ति राख्न नहुने तर्कसहित परेको मुद्दामा अदालतबाट फैसला हुन भएको ढिलाइले अन्योल भएको वडाध्यक्ष बानियाँले बताउनुभयो। पछैस्थित पुलाश्रम मन्दिरका पुजारी जगदीश सुवेदीका अनुसार हिन्दू धर्मग्रन्थ रामायणका पात्र पुलह, पुलत्य ऋषिको तपोभूमि पछैमा रावण जन्मिएको र उनको नावी गाडेको ठाउँमा राखिएको शिला अझै सुरक्षित छ ।

करिब १४ रोपनी क्षेत्रफलमा फैलिएको पुलाह आश्रम क्षेत्रमध्ये चार रोपनीमा पार्क बनाउन लागिएको हो । आश्रममा रहेका ऋषिमुनि मन्दिर, हवन कुण्ड, रावणको नाभी गाडिएको भनिने स्थानलाई यथावत संरक्षण गरी रावणको मूर्तिसहित बगैँचा, विश्रामस्थल, घेरबार र जमिन संरक्षणलगायत पूर्वाधार निर्माणको काम ७० प्रतिशत सकिएको ठेकेदार कम्पनीका प्रतिनिधिले बताएका छन् ।

घेराबारका लागि पर्खाल निर्माण भइसककेको छ । पार्क निर्माणले पर्यटन प्रवर्द्धन हुने स्थानीयले आशा गरेका छन् । समुद्री सतहदेखि दुई हजार मिटर उचाइमा रहेको रावण पार्क निर्माणस्थल पछैबाट धवलागिरि, नीलगिरि, अन्नपूर्ण हिमशृङ्खला, सूर्योदयको मनोरम दृश्यका साथै म्याग्दी र कालीगण्डकी नदी दोभानमा अवस्थित बेनीसहित जिल्लाका अधिकांश भूगोलको दृश्यावलोकन गर्न सकिन्छ ।

यहाँ पुलह, कपिल र जडभरत ऋषिले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ । रामायणको पाँचौं अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ । पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेको रामायणमा व्याख्या गरिएको छ । विसं २०६६ मा म्याग्दी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रमोदकुमार श्रेष्ठलगायतले धार्मिक पर्यटकलाई लक्षित गरेर बेनीमा उद्यान बनाउने योजनाको परिकल्पना गर्नुभएको थियो ।

विसं २०७४ देखि नै बजेट विनियोजन गरे पनि ठाउँको विवाद र स्रोतको अभावमा रामायण उद्यानको योजना कार्यान्वयन हुनसकेको थिएन । मुक्तिनाथ प्रवेशद्वार गलेश्वर, पुलाचौरको पछै, जगन्नाथ र टोड्के क्षेत्रलाई समेटेर धार्मिक करिडोर बनाउने योजना पनि अघि सारिएको छ । बेनी बजारबाट गाडीमा ३० मिनेट यात्रा गरेपछि पछै पुग्न सकिन्छ । बेनी अर्थुङ्गे हुँदै बाँसबोटसम्मको सडक कालोपत्र भएको छ ।

# कनमाट हेवी इन्डस्ट्रिज प्राइभेट लिमिटेडको पहिलो अपरेटर मिट पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

पोखराको सिटी स्क्वायर, न्युरोडमा कनमाट हेवी इन्डस्ट्रिज प्राइभेट लिमिटेड को पहिलो अपरेटर मिट सम्पन्न भयो, जसमा ३० भन्दा बढी अपरेटर हरूको सहभागिता रह्यो ।




कनमाटका वरिष्ठ अन्तर्राष्ट्रिय बिक्री प्रबन्धक, श्री चन्द्रकान्त प्रजापति ले कनमाटका कंक्रीट उपकरणहरूको उत्पादन श्रृंखला को बारेमा प्रस्तुति दिनुभयो। कनमाट, पूर्वमा केवाइबी कनमाट का रूपमा परिचित, एक अग्रणी कंक्रीट उपकरण निर्माता कम्पनी हो, जसले कंक्रीट ब्याचिङ प्लान्ट, ट्रान्जिट मिक्सर, कंक्रीट पम्प, सेल्फ लोडिङ मिक्सर, कंक्रीट रोड पेभर, र नहर पेभिङ मेशिन उत्पादन गर्दछ ।

एईएमपीएल का व्यावसायिक प्रमुख, श्री समीर प्रधान ले कनमाट उत्पादनहरू प्रयोग गर्दा प्राप्त हुने फाइदाहरूबारे प्रकाश पार्नुभयो । साथै, अपरेटरहरूका लागि विशेष बिक्री योजना पनि घोषणा गर्नुभयो ।

त्यसैगरी, एईएमपीएलका साझेदार, बालकृष्ण कोईराला ले सहभागी सबैलाई धन्यवाद व्यक्त गर्दै कनमाट उत्पादनहरूको गुणस्तर र सेवा उपलब्धता को बारेमा जोड दिनुभयो ।

# लिटिल स्टेप माविमा शुभकामनासहित बिदाई कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

यस विद्यालयको तर्फबाट एसईई २०८१ नियमित अन्तर्गत सहभागि परीक्षार्थी विद्यार्थीहरुलाई छोटो कार्यक्रम आयोजना गरी शुभकामना व्यक्त गर्दै विदाई गरियो ।

विद्यालयको ३२ औं उक्त ब्याचलाई अविर, पुष्पगुच्छा, खादा पहिराएर मायाको चिनो पनि प्रदान गरिएको थियो ।

विद्यालयका संस्थापक अध्यक्ष शेरबहादुर गुरुङ, संस्थापक प्राचार्य पम्फा गुरुङ, मावि संयोजक ताराप्रसाद सुवेदी एवम् कक्षा शिक्षक चित्रबहादुर अधिकारीले उत्कृष्ट नतिजाका लागि शुभकामना मन्तव्य व्यक्त गर्दै १०+१ कक्षामा आगामी शैक्षिक सत्रमा यसै विद्यालयमा भर्ना हुन आग्रह पनि गर्नु भयो । यस बारे सम्पूर्ण विद्यार्थीहरु सकारात्मक देखिए । उक्त कार्यक्रमको उद्घोषण विद्यालय संयोजक विनोद गिरीले गर्नुभएको थियो ।

# सेतीमादी नदीमाथि निर्माणाधीन मोटरेवल पुल निर्माणले गति लियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ चैत

जिल्लाको व्यास-३ देउरालीनगर र ऋषिङ-१ झापुटार जोड्ने सेतीमादी नदीमाथि निर्माणाधीन मोटर गुड्ने पुल निर्माणले गति लिन थालेको छ ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण पुल निर्माण कार्य अलपत्र बन्दै आएको थियो । एक सय ५४ मिटर लामो पुलको चौडाइ नौ दशमलव ५० मिटर रहनेछ । पाइल फाउण्डेशनमा निर्माण हुने पुल स्टील ट्रसको हुनेछ । उक्त पुलको हालसम्म ४५ प्रतिशत बढी भौतिक प्रगति भएको छ । स्टील पार्टसको पुल निर्माण हुने भएकाले फेब्रिकेसन कार्य भइसकेको पूर्वाधार विकास कार्यालयकी इञ्जिनियर एवं सूचना अधिकारी सुष्मा पाण्डेले जानकारी दिनुभयो । उक्त पुल दुई स्पामको हुनेछ । "चालु आर्थिक वर्षमा एक स्पाम निर्माण कार्य पूरा हुने लक्ष्य राखिएको छ", उहाँले भन्नुभयो, "एक स्पामको निर्माण हुने वित्तिकै करिब ६० प्रतिशत कार्य पूरा हुनेछ, आउँदो वर्ष पुल निर्माण सम्पन्न भएर गाडी गुड्न थाल्नेछ ।" हालसम्म तीन पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८२ असोजसम्म म्याद थप गरिएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । गण्डकी प्रदेश सरकारको रू ३२ करोड ४० लाख २७ हजार तीन सय ९४ को लागतमा पुल निर्माण कार्य अघि बढाइएको कार्यालयका प्रमुख इञ्जिनियर रवीन्द्र तिवारीले बताउनुभयो । विसं २०८० जेठ ९ गते सम्पन्न गर्नेगरी पुल निर्माणका लागि विसं २०७७ मङ्सिर १९ गते रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो । पुल निर्माणपछि व्यास र ऋषिङका सर्वसाधारणलाई आवतजावतमा सहज हुनेछ । हाल सोही ठाउँमा झोलुङ्गे पुल रहेको छ । त्यसको करिब एक किलोमिटर माथि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा पक्की पुल निर्माण गरिएको छ ।

# प्रसारण लाइन प्रभावित क्षेत्रको जग्गा सट्टाभर्ना प्रक्रिया थालियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ चैत

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइनबाट प्रभावित वनक्षेत्रमा जग्गा सट्टाभर्ना प्रक्रिया अघि बढाइएको छ ।

आयोजनाले भोगचलन गर्ने वनक्षेत्र बराबरको जग्गा खरिद गरी नेपाल सरकारलाई बुझाउन वनसँग जोडिएका व्यक्तिको जग्गा सट्टाभर्ना कार्य अघि बढाएको हो । सार्वजनिक सूचना जारी गरेपछि तनहुँ खण्डबाट दुई जनाले न्यून क्षेत्रफलमा आवेदन दिएको र चितवन खण्डबाट कुनै पनि आवेदन नपरेको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाले भोगचलन गरेको जग्गाको क्षतिपूर्तिवापत वनसँग जोडिएका व्यक्तिको जग्गा खरिद गरी नेपाल सरकारलाई उपलब्ध गराउन लागिएको उहाँले बताउनुभयो । उक्त आयोजनाबाट तनहुँ खण्डमा ६७ हेक्टर र चितवन खण्डमा २५ हेक्टर वनक्षेत्र प्रभावित हुने छ । प्रमुख भण्डारीले भन्नुभयो, "प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला सहजीकरण समितिको बैठकले सट्टाभर्ना संम्बन्धि जग्गाको टुङ्गो लगाउने छ ।" वन मन्त्रालयसँगको समस्याले विद्युत् प्रसारण लाइनको निर्माण कार्य रोकिन पुगेको र रुख नभएको क्षेत्रमा निर्वाध रूपमा काम भइरहेको प्रमुख भण्डारीले बताउनुभयो । अर्थ मन्त्रालयबाट वन मन्त्रालय, वन विभाग हुँदै डिभिजन वन कार्यालयमा आर्थिक वर्षका लागि बजेट सुनिश्चित गरेका कारण प्रसारण लाइनको निर्माण कार्य अघि बढाउन सहज भएको छ । आयोजनाको प्याकेज-३ अन्तर्गत प्रसारणलाइन निर्माणका लागि २०७७ असोजदेखि काम सुरु भएको थियो । रुख कटानका विषयमा मन्त्रिपरिषद्‌बाट स्वीकृति पाए पनि कार्यान्वयनमा नआउँदा निर्माण कार्य प्रभावित भएको थियो । "कूल ९४ टावरमध्ये ६९ वटा ठडाइएको छ", प्रमुख भण्डारीले भन्नुभयो, "एघार टावरको सबै काम सम्पन्न भएको छ । १४ वटाको पूरै काम गर्न बाँकी छ ।"

तनहुँको तुलनामा चितवन खण्डमा सालका ठूला रुख कटान गर्नुपर्ने र केन्द्रीयस्तरबाट रुख कटानको आदेश नआउँदा काम प्रभावित भएको आयोजना प्रमुख भण्डारीले बताउनुभयो । तनहुँ खण्डमा रहेका सामुदायिक वनसँग आयोजनाले समन्वय गरी काम गरेका कारण सहज बनेको छ । चितवन खण्डमा ठूला सालका रुख कटान गर्नुपर्ने भएकाले वनले जोखिम बहन र सहजीकरण गर्न नसकेकाले कार्य प्रभावित भएको प्रमुख भण्डारीले बताउनुभयो ।


# सेतीमादी नदीमाथि निर्माणाधीन मोटरेवल पुल निर्माणले गति लियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ चैत

जिल्लाको व्यास-३ देउरालीनगर र ऋषिङ-१ झापुटार जोड्ने सेतीमादी नदीमाथि निर्माणाधीन मोटर गुड्ने पुल निर्माणले गति लिन थालेको छ ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण पुल निर्माण कार्य अलपत्र बन्दै आएको थियो । एक सय ५४ मिटर लामो पुलको चौडाइ नौ दशमलव ५० मिटर रहनेछ । पाइल फाउण्डेशनमा निर्माण हुने पुल स्टील ट्रसको हुनेछ । उक्त पुलको हालसम्म ४५ प्रतिशत बढी भौतिक प्रगति भएको छ । स्टील पार्टसको पुल निर्माण हुने भएकाले फेब्रिकेसन कार्य भइसकेको पूर्वाधार विकास कार्यालयकी इञ्जिनियर एवं सूचना अधिकारी सुष्मा पाण्डेले जानकारी दिनुभयो । उक्त पुल दुई स्पामको हुनेछ । "चालु आर्थिक वर्षमा एक स्पाम निर्माण कार्य पूरा हुने लक्ष्य राखिएको छ", उहाँले भन्नुभयो, "एक स्पामको निर्माण हुने वित्तिकै करिब ६० प्रतिशत कार्य पूरा हुनेछ, आउँदो वर्ष पुल निर्माण सम्पन्न भएर गाडी गुड्न थाल्नेछ ।" हालसम्म तीन पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८२ असोजसम्म म्याद थप गरिएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । गण्डकी प्रदेश सरकारको रू ३२ करोड ४० लाख २७ हजार तीन सय ९४ को लागतमा पुल निर्माण कार्य अघि बढाइएको कार्यालयका प्रमुख इञ्जिनियर रवीन्द्र तिवारीले बताउनुभयो । विसं २०८० जेठ ९ गते सम्पन्न गर्नेगरी पुल निर्माणका लागि विसं २०७७ मङ्सिर १९ गते रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो ।



## शिक्षक आवश्यकता

**यस श्री जनबाल माध्यमिक विद्यालय घरपझोङ मार्फा, मुस्ताङमा तपसिल बमोजिमको अस्थायी करार शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।**

१/२०८१

**विषय, पद र किसिमः** गणित, शिक्षक (अस्थायी करार)
मा.वि.तृतीय र पद संख्याः १ (एक)

**आवश्यक शैक्षिक योग्यताः** गणित विषयमा स्नातक वा सो सरह उत्तीर्ण र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने ।
१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
नेपाल सरकारको प्रचलित नियमानुसार ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/१२/३० गते कार्यालय समय भित्र ।

**आवश्यक कागजातः** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रतिलिपि (२/२ प्रति)

लिखित र अन्तर्वार्ता ।
रु.१०००/- (एक हजार)
२०८१/१२/३१ गते
सम्पर्क मितिमा तोकिने छ ।

*शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेदवारहरुले विज्ञापन भएको मितिबाट ७ दिनभित्र दरखास्त दिनुपर्ने छ ।*

९८४८३७१२५५ /९८०७४८८५८०
janabalmavi@gmail.com

प्रधानाध्यापक
**श्री जनबाल माध्यमिक विद्यालय**
घरपझोङ-२, मार्फा, मुस्ताङ



## जैमिनी नगरपालिका भएर बग्ने नदी किनारको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१६)**

गण्डकी प्रदेश, बागलुङ जिल्ला, जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| **प्रस्तावकको नाम तथा ठेगाना** | जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कुश्मिसेरा | | |
|---|---|---|---|
| **प्रस्तावको व्यहोराः** जैमिनी नगरपालिका भएर बग्ने नदी किनारको बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा गिट्टी बालुवा संकलन तथा उत्खनन् गर्ने | **घाटको नाम** | **प्रभावित वडाहरु** | **नदी/खोला नाम** |
| | थाङ्ने बगर घाट | ५ | कालीगण्डकी |
| | माझ बगर घाट | ५ र ६ | कालीगण्डकी |
| | सुम्सा बगर घाट | ६ | कालीगण्डकी |
| | बेल बगर घाट | ७ र ८ | कालीगण्डकी |
| | त्याङ् बगर घाट | ८ | कालीगण्डकी |
| प्रभाव पर्न सक्ने जिल्ला / न.पा | बागलुङ जिल्ला जैमिनी नगरपालिका | | |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न जैमिनी नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

**१. जैमिनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कुश्मिसेरा, बागलुङ**
**फोन नं. ०६८-४२११००**
**इमेल**: info@pokharamun.gov.np

**२. ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर काठमाण्डौ**
**फोन नं. ९८४१४३१५८२**
**इमेल**: geecnepal@gmail.com